नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

प.सं.:२०७५/०७६ चलानी संख्या: ६३४

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

मितिः २०७६/०१/०८

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ७ वटै प्रदेश,
श्री नगर कार्यपालिकाको कार्यालय २९३ वटा सबै,
श्री गाउँ कार्यपालिकाको कार्यालय ४६० वटा सबै ।

**विषयः- समायोजन भएका कर्मचारीहरुलाई अनिवार्य रुपमा हाजिर गराउने सम्बन्धमा ।**

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई कतिपय स्थानीय तहहरुले हाजिर नगराएको सम्बन्धमा यस मन्त्रालयको ध्यानाकर्षण भएको छ । कर्मचारी समायोजन ऐन, २०७५ को दफा १३ को उपदफा (७) मा "सम्बन्धित निकायको प्रशासकीय प्रमुख वा अधिकारीले यस ऐन बमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन हुने कर्मचारीहरुलाई हाजिर गराई जिम्मेबारी दिनुपर्नेछ" भन्ने व्यवस्था रहेको छ । सोही दफाको उपदफा ८ मा "उपदफा (७) बमोजिम हाजिर नगराउने र जिम्मेवारी नदिने अधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ" भन्ने व्यवस्था रहेको छ । अतः समायोजन भएका कर्मचारीहरुलाई ऐनको उपरोक्त व्यवस्था बमोजिम हाजिर गराई जिम्मेवारी दिने व्यवस्था हुन कर्मचारी समायोजन ऐनको दफा १७ बमोजिमको निर्देशन तथा समन्वय समितिको मिति २०७६/०१/०३ को निर्णयानुसार अनुरोध छ ।

**बोधार्थ**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ।

(२०७६/०१/०८)

(शान्ति पौडेल)

शाखा अधिकृत

निजामती सेवाको प्रतिवद्धता: पारदर्शिता र चुस्तता

सिंहदरवार, काठमाडौं, फोन: ४२००३६७, ४२००३६८, ४२००३६९ फ्याक्स: ४२००२३८

अडियो नोटिस नम्बर: १६१८०१४२००३१४ इमेल: *info@moga.gov.np* वेब: *www.moga.gov.np*